ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# कक्षा पाँचका विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन

गणेश राज पुरी
ganeshpuriskt@gmail.com
सुर्खेत बहुमुखी क्याम्पस, वीरेन्द्रनगर सुर्खेत

**सार**

*यस अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, प्रस्तुत अध्ययनको रेकर्डलाई तथ्याङ्ककृत गरी व्याख्या, विश्लेषण गर्नु र त्यसका आधारमा मौखिक अभिव्यक्तिमा देखिएका कमजोरी पत्ता लगाउनु र त्यसका निराकरणका उपाय तथा सुझावहरू दिनु रहेको छ । प्रस्तुत अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका २ वटा सरकारी विद्यालयमा अध्ययनरत २०/२० जना विद्यार्थीहरूलाई लक्षित जनसङ्ख्या मानेर यस अध्ययन गरिएको छ । विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू भए पनि उच्चारण पक्षमा सन्तोषजनक नतिजा देखियो । भाव अनुकूल मौखिक अभिव्यक्ति गर्ने र उपयुक्त शब्द छनोट गर्ने क्षमता स्तर हेर्दा नतिजा कमजोर देखियो । वाक्य गठन क्षमता स्तर मध्यम रहेको पाइयो । अभिव्यक्तिलाई श्रृङ्खलावद्ध रुपमा र धारा प्रवाह रुपमा प्रस्तुत गर्ने क्षमता स्तरमा निकै सुधार गर्नुपर्ने देखिन्छ ।*

**मुख्य शब्द** : मौखिक, अभिव्यक्ति क्षमता, भाषा, सरल, पक्ष, श्रृङ्खलावद्ध

## परिचय

मानिस विचार विहीन हुँदैन र अरूले व्यक्त गरेका सबै कुरा पनि राम्रा हुँदैन । कुनै पनि कुरा दृष्टिप्रति उत्पन्न भएका भावलाई प्रकट गर्नु वा देखापर्ने विभिन्न घटनाका कारण मानिसका मनमा प्रतिक्रिया भइरहन्छ र तिनै प्रतिक्रिया तथा भावलाई भाषाका माध्यमबाट प्रकट गर्नु अभिव्यक्ति हो । अभिव्यक्तिका माध्यम कथ्य र लेख्य गरी दुई प्रकारका छन् । भाषाको जीवन्त स्वरूप कथ्य भेद नै भएकाले त्यो मौखिक भाषाको एउटा पक्ष हो । मानिसले भाषाको माध्यमबाटै आफ्ना भावना व्यक्त गर्छ । आफ्नो परिवेश, समुदायमा आफूलाई प्रस्तुत गर्दा बोलीका माध्यमबाट सफलतापूर्वक प्रस्तुत गर्नुपर्ने भएकाले मौखिक अभिव्यक्ति पहिलो आवश्यकता हो । त्यसैले मानिसका अनन्त आवश्यकता र चाहना अरू समक्ष व्यक्त गर्ने सरल उपाय पनि मौखिक अभिव्यक्ति हो ।

विभिन्न आङ्गिक चेष्टा, मुद्राले अलङ्कृत हुने, वक्ता र स्रोता बिच प्रस्तुत हुने, अनौपचारिक हुने, हार्दिक हुने, साक्षर र निरक्षर दुबैका बिचमा सरल ढङ्गमा अभिव्यक्त हुने, त्रुटि हुन गए सच्याउन सकिने र तान अनुतानको प्रयोग हुने हुनाले मौखिक अभिव्यक्ति लेख्य अभिव्यक्तिभन्दा बढी महत्त्वपूर्ण मानिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

यसको प्रयोग क्षेत्र व्यापक र विस्तृत हुन्छ । विषय, प्रसङ्ग, परिवेश, अवस्था, स्रोता र परिस्थिति अनुसार मौखिक भाषाको प्रयोगमा भाषिक भेदहरूको सिर्जना हुन्छ । त्यसैले यो गतिशील र परिवर्तनशील हुन्छ । विभिन्न क्षेत्र र परिवेशमा उपयोगी हुने हुँदा व्यक्तिको दक्षतामा सहयोग मिल्छ । मौखिक अभिव्यक्तिबाट व्यक्तिमा, साहस, निर्भीकता र सन्तोष बढ्नुका साथै आफ्नो विचारलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सहयोग गर्छ । सिर्जनात्मक शक्ति र मौलिकताको विकास गर्दै विना सङ्कोच स्पष्ट रूपमा आफ्ना भावना विचारलाई सरल र प्रभावकारी रूपमा प्रस्तुत गर्नु नै मौखिक अभिव्यक्ति हो ।

मानिस विचार विहीन हुँदैन र अरूले व्यक्त गरेका सबै कुरा पनि राम्रा हुँदैन । कुनै पनि कुरा, दृष्टिप्रति उत्पन्न भएका भावलाई प्रकट गर्नु वा देखा पर्ने विभिन्न घटनाहरूका कारण मानिसका मनमा प्रतिक्रिया भइरहन्छ र तिनै प्रतिक्रिया तथा भावलाई भाषाका माध्यमबाट प्रकट गर्नु अभिव्यक्ति हो । अभिव्यक्तिका माध्यम कथ्य र लेख्य गरी दुई प्रकारका छन् । भाषाको जीवन्त स्वरूप कथ्य भेद नै भएकाले त्यो मौखिक भाषाको एउटा पक्ष हो । मानिसले भाषाको माध्यमबाटै आफ्ना भावना व्यक्त गर्छ । आफ्नो परिवेश, समुदाय, समूहमा आफूलाई प्रस्तुत गर्दा बोलीका माध्यमबाट सफलतापूर्वक प्रस्तुत गर्नु पर्ने भएकाले मौखिक अभिव्यक्ति पहिलो आवश्यकता हो । त्यसैले मानिसका अनन्त आवश्यकता र चाहना अरू समक्ष व्यक्त गर्ने सरल उपाय पनि मौखिक अभिव्यक्ति हो ।

विभिन्न आङ्गिक चेष्टा, मुद्राले अलङ्कृत हुने, वक्ता र स्रोता बिच प्रस्तुत हुने, अनौपचारिक हुने, हार्दिक हुने, साक्षर र निरक्षर दुबैका बिचमा सरल ढङ्गमा अभिव्यक्त हुने, त्रुटि हुन गए सच्याउन सकिने र तान अनुतानको प्रयोग हुने हुनाले मौखिक अभिव्यक्ति लेख्य अभिव्यक्तिभन्दा बढी महत्वपूर्ण मानिन्छ । यसको प्रयोग क्षेत्र व्यापक र विस्तृत हुन्छ । विषय, प्रसङ्ग, परिवेश, अवस्था, स्रोता र परिस्थिति अनुसार मौखिक भाषाको प्रयोगमा भाषिक भेदहरूको सिर्जना हुन्छ । त्यसैले यो गतिशील र परिवर्तनशील हुन्छ । विभिन्न क्षेत्र र परिवेशमा उपयोगी हुने हुँदा व्यक्तिको दक्षतामा सहयोग मिल्छ । मौखिक अभिव्यक्तिबाट व्यक्तिमा, साहस, निर्भीकता र सन्तोष बढ्नुका साथै आफ्नो विचारलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सहयोग गर्छ । सिर्जनात्मक शक्ति र मौलिकताको विकास गर्दै विना सङ्कोच स्पष्ट रूपमा आफ्ना भावना तथा विचारलाई सरल र प्रभावकारी रूपमा प्रस्तुत गर्नु नै मौखिक अभिव्यक्ति हो ।

भाषा भनेको बोलाइ हो । बोलाइ भाषाको आधारभूत सिप र भाषा विकासको आधार शिला हो । मौखिक अभिव्यक्ति विद्यार्थीहरूको वैयक्तिक तथा सामाजिक विकासका दृष्टिले महत्वपूर्ण पक्ष हो । यसको विकासमा शिक्षकको ध्यान जानु आवश्यक छ । त्यसैले योजना बद्ध कार्यकलापका रूपमा बोलाइलाई शिक्षण गरिनु पर्छ । बोलाइलाई ध्यान नदिने हो भने भाषा शिक्षणका समग्र पक्षमा यसको असर पर्छ ।

त्यस कारण विद्यार्थीको स्तर र कक्षा अनुसारको भाषिक कार्यकलापमा विविधता अपनाई बोलाइका विभिन्न पक्ष तथा धारणा अनुरूपका विभिन्न साधन, सामग्री र विधिको छनोट गर्नु पर्छ ।

नेपाल बहुजातीय र बहुभाषिक मुलुक भएकाले यहाँ विभिन्न धर्म, संस्कृति मान्ने र विभिन्न भाषा बोल्ने मानिस छन् । विद्यालयमा आउने विद्यार्थी पनि विभिन्न सांस्कृतिक परम्परा, धर्म, आर्थिक तथा भाषिक पृष्ठभूमि भएका हुन्छ । बहुभाषिक समाज तथा विभिन्न भाषिक पृष्ठभूमिमा नेपाली सिक्दै आएका विद्यार्थीको मौखिक अभिव्यक्ति क्षमता थाहा पाउन यसको परीक्षण गर्नु पर्छ ।

मौखिक अभिव्यक्ति क्षमता परीक्षणका लागि छनोट गरिने परीक्षणीय पक्ष परीक्षणीय सिप र धारणा अनुरूप हुनुपर्छ । मौखिक अभिव्यक्तिका विभिन्न सिप,ा क्षमताको परीक्षणका लागि विभिन्न प्रकृतिका मौखिक घटना परीक्षणीय पक्षका दृष्टिले महत्वपूर्ण हुन्छ । मौखिक अभिव्यक्ति परीक्षणका लागि चित्र, वस्तु, घटना वर्णन, कविता वाचन, गीत गायन, तार्किक वर्णन, संवाद, कुराकानी, मौखिक प्रतिवेदन, कथा कथन, छलफल, वक्तृता, वादविवाद, भेटवार्ता, अन्तर्वार्ता, उद्घोषण र भाषण जस्ता पक्षहरू महत्वपूर्ण हुन्छ ।

जुनसुकै परीक्षणीय पक्ष मौखिक अभिव्यक्ति क्षमता परीक्षणका दृष्टिले महत्वपूर्ण भए पनि खास मौखिक अभिव्यक्ति भने भाषिक तत्व र भाषेतर तत्त्वको संलग्नतामा नै परीक्षणीय हुन्छ । भाषिक तत्त्व र भाषेतर तत्वको समग्र परीक्षणबाट मात्र विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको वास्तविक जानकारी पाउन सकिन्छ ।

मौखिक अभिव्यक्तिको परीक्षण गर्दा वक्तालाई विभिन्न सन्दर्भमा विभिन्न प्रकृतिका विषय क्षेत्रसँग सम्बन्धित विषयमा स्वतन्त्रतापूर्वक बोल्न लगाइन्छ । अभिव्यक्तिका विभिन्न सिपहरूलाई लिखित परीक्षणद्वारा पनि परीक्षण गरिन्छ । मौखिक अभिव्यक्तिको परीक्षण एक कठिन कार्य भए तापनि यसका लागि जाँचसूची, श्रेणी मापक र टेपरेकर्डर जस्ता साधनको प्रयोग गरिन्छ । मौखिक अभिव्यक्ति परीक्षणका लागि तार्किक अभिव्यक्ति पनि एक महत्वपूर्ण पक्ष हो । यसका निम्ति वक्तृता सबभन्दा उपयुक्त उपाय हो । कुनै खास विषयमा विद्यार्थीहरूलाई बोल्न लगाई त्यससँग सम्बन्धित तार्किक भाषाको प्रयोग गर्ने सिप परीक्षण गर्न सकिन्छ । यसका परीक्षणीय पक्षहरूमा विषय वस्तुको प्रस्तुति, त्यससँग सम्बद्ध तार्किक पक्ष, वक्ताले प्रयोग गरेको भाषाका शब्द भण्डार तहमा पाइने उच्चारणको स्पष्टता, आवाजको आरोह अवरोह, कथन प्रवाह उपयुक्त शब्दको छनोट र प्रयोग तथा समष्टि निष्कर्षलाई आधार मानी मौखिक अभिव्यक्तिको परीक्षण गर्न सकिन्छ । यस अध्ययनमा यिनै कुराहरूलाई परीक्षणीय पक्षका रूपमा लिएर परीक्षण गरिएको छ जुन निम्न अनुसार छन् :

कथन प्रवाह बोलाइको महत्वपूर्ण पक्ष हो । प्रभावकारी अभिव्यक्तिका लागि अकमकाउनु हुँदैन र बिच बिचमा अनावश्यक थेगाको प्रयोग गर्नु पनि उचित हुँदैन । वक्ताको अभिव्यक्ति स्रोतासम्म पुग्नका लागि सुमधुर, मिठासपूर्ण तथा धारा प्रवाह प्रस्तुति हुनुपर्छ ।

वक्तृत्व कला तार्किक अभिव्यक्ति विकासका लागि उपयोग गरिने महत्वपूर्ण कार्यकलाप हो । प्रस्तुत विषयमा केन्द्रित भई तर्क पेस गर्ने अभिव्यक्तिको ढङ्ग ढाँचा मिल्नु वक्तृत्व कलाको विषय हो । मौखिक अभिव्यक्तिलाई विशिष्ट र सूक्ष्म बनाउन आफ्ना कुरालाई तर्कपूर्ण रूपमा प्रयोग गर्न सकिन्छ । विचारलाई पुस्टचाइँ गर्न जति शब्दका विकल्पको प्रयोग गर्न सकिन्छ उति तार्किक क्षमताको विकास हुन्छ । शिष्ट र सौन्दर्यपूर्ण तरिकाले कुशल ढङ्गले विषयको प्रस्तुति गर्दा मौखिक अभिव्यक्तिको स्तरीयता र प्रभावकारिता झल्किन्छ ।

विभिन्न क्षेत्रमा विभिन्न प्रसङ्ग एवम् परिवेशमा उपयोग हुने बोलाइको क्रमबद्धता नमिलेमा अभिव्यक्तिको स्वाभाविक्ता खलबलिन्छ र बोलाइ असान्दर्भिक हुन जान्छ । विषयको प्रकृति अनुसार सुरु, मध्य र अन्त्यको अनुक्रम मिलाई विचार व्यक्त गर्नुपर्छ । कुनै पनि वर्णन र विवरणमा खास किसिमको अनुक्रम अपेक्षित हुन्छ । स्वाभाविक रूपमा श्रृङ्खला मिलेर आएको अभिव्यक्तिमा निहित विषय वस्तुको बोध गर्न स्रोतालाई असजिलो हुँदैन तर क्रम भङ्ग भई प्रस्तुत भएमा चाहिँ त्यसको वैचारिक अन्तः सूत्र खलबलिन्छ । मौखिक अभिव्यक्तिमा विचारको साङ्गठनिक क्रमबद्धता मिल्नु आवश्यक हुन्छ । मौखिक भाषासँग सम्बन्धित खास घटनालाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्न नसके बोलाइको औचित्य रहँदैन ।

भाषा भनेको बोलाइ हो । बोलाइ भाषाको आधारभूत सिप र भाषा विकासको आधार शिला हो । मौखिक अभिव्यक्ति विद्यार्थीहरूको वैयक्तिक र सामाजिक विकासका दृष्टिले महत्त्वपूर्ण पक्ष हो । यसको विकासमा शिक्षकको ध्यान जानु आवश्यक छ । त्यसैले योजनाबद्ध कार्यकलापका रूपमा बोलाइलाई शिक्षण गरिनु पर्छ । बोलाइलाई ध्यान नदिने हो भने भाषा शिक्षणका समग्र पक्षमा यसको असर पर्छ । त्यस कारण विद्यार्थीको स्तर र कक्षा अनुसारको भाषिक कार्यकलापमा विविधता अपनाई बोलाइका विभिन्न पक्ष तथा धारणा अनुरूपका विभिन्न साधन, सामग्री र विधिको छनोट गर्नु पर्छ ।

मौखिक अभिव्यक्ति क्षमता परीक्षणका लागि छनोट गरिने परीक्षणीय पक्ष परीक्षणीय सिप र धारणा अनुरूप हुनुपर्छ । मौखिक अभिव्यक्तिका विभिन्न सिप, क्षमताको परीक्षणका लागि विभिन्न प्रकृतिका मौखिक घटना परीक्षणीय पक्षका दृष्टिले महत्त्वपूर्ण हुन्छ । मौखिक अभिव्यक्ति परीक्षणका लागि चित्र, वस्तु, घटना वर्णन, कविता वाचन, गीत गायन, तार्किक वर्णन, संवाद, कुराकानी, मौखिक प्रतिवेदन, कथा कथन, छलफल, वक्तृता, वादविवाद, भेटवार्ता, अन्तर्वार्ता, उद्घोषण र भाषण जस्ता पक्ष महत्त्वपूर्ण हुन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

जुनसुकै परीक्षणीय पक्ष मौखिक अभिव्यक्ति क्षमता परीक्षणका दृष्टिले महत्त्वपूर्ण भए पनि खास मौखिक अभिव्यक्ति भने भाषिक तत्त्व र भाषेतर तत्त्वको संलग्नतामा नै परीक्षणीय हुन्छ । भाषिक तत्त्व र भाषेतर तत्त्वको समग्र परीक्षणबाट मात्र विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको वास्तविक जानकारी पाउन सकिन्छ ।

मौखिक अभिव्यक्तिको परीक्षण गर्दा वक्तालाई विभिन्न सन्दर्भमा विभिन्न प्रकृतिका विषय क्षेत्रसँग सम्बन्धित विषयमा स्वतन्त्रतापूर्वक बोल्न लगाइन्छ । अभिव्यक्तिका विभिन्न सिपहरूलाई लिखित परीक्षणद्वारा पनि परीक्षण गरिन्छ । मौखिक अभिव्यक्तिको परीक्षण एक कठिन कार्य भए तापनि यसका लागि जाँचसूची, श्रेणी मापक र टेपरेकर्डर जस्ता साधनको प्रयोग गरिन्छ । मौखिक अभिव्यक्ति परीक्षणका लागि तार्किक अभिव्यक्ति पनि एक महत्त्वपूर्ण पक्ष हो । यसका निम्ति वक्तृता सबभन्दा उपयुक्त उपाय हो । कुनै खास विषयमा विद्यार्थीलाई बोल्न लगाई त्यससँग सम्बन्धित तार्किक भाषाको प्रयोग गर्ने सिप परीक्षण गर्न सकिन्छ । यसका परीक्षणीय पक्षमा विषयवस्तुको प्रस्तुति, त्यससँग सम्बद्ध तार्किक पक्ष, वक्ताले प्रयोग गरेको भाषाका शब्द भण्डार तहमा पाइने उच्चारणको स्पष्टता, आवाजको आरोह अवरोह, कथन प्रवाह उपयुक्त शब्दको छनोट र प्रयोग तथा समष्टि निष्कर्षलाई आधार मानी मौखिक अभिव्यक्तिको परीक्षण गर्न सकिन्छ । यस अध्ययनमा यिनै कुराहरूलाई परीक्षणीय पक्षका रूपमा लिएर परीक्षण गरिएको छ ।

उच्चारण बोलाइको एक महत्त्वपूर्ण पक्ष हो । स्रोता र वक्ता बिचको सुमधुर सम्बन्ध कायम गर्नका लागि मौखिक अभिव्यक्ति शुद्ध र स्पष्ट हुनु आवश्यक हुन्छ । उच्चारणमा अशुद्धि र कमजोरी भएमा अभिव्यक्तिमा अर्थको अनर्थ हुने र हास्यास्पद हुने डर हुन्छ । त्यसैले बोलाइमा शुद्धता र स्पष्टता रहेमा मात्र मौखिक अभिव्यक्ति प्रभावकारी र अर्थपूर्ण हुन्छ । मानव जीवनमा आर्जित विभिन्न अनुभवहरूलाई आत्म प्रकाशन गर्ने सरल माध्यम मौखिक अभिव्यक्ति हो । विशेषगरी विद्यार्थीहरूमा मौखिक अभिव्यक्तिको कमजोरीले लेखाइ र पढाइमा समेत असर पर्छ । बोलाइ भाषिक सिपमध्येको महत्त्वपूर्ण र आवश्यक खुड्किलो चरण हो । यसका साथै व्यक्तिगत, सामाजिक र बौद्धिक विकासमा समेत बोलाइले प्रभाव पर्छ । सम्बन्धित तहका लागि निर्माण भएका पाठ्यक्रम र यसका उद्देश्य विद्यार्थीको अभिव्यक्ति क्षमता विना अपुरो र अधुरो रहन्छ । यस अध्ययनबाट सम्बन्धित कक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्रीको स्थिति, उक्त क्षेत्रमा सुधार गर्नुपर्ने पक्ष र अपेक्षित उद्देश्य पुरा भए नभएको जानकारी प्राप्त हुन सक्छ । यस अध्ययनमा सम्बन्धित पक्षको अध्ययनबाट विद्यार्थीहरूको भाषिक अनुभव, मौखिक अभिव्यक्ति क्षमताको स्तर, अभिव्यक्तिमा देखिने भाषिक त्रुटि र सबल पक्षहरूको जानकारी प्राप्त भएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

मौखिक अभिव्यक्ति क्षमताको अध्ययनबाट भाषा पाठ्यक्रम विद्‌लाई उक्त पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्नमा, पाठयपुस्तक लेखकलाई उद्देश्यमूलक एवम् प्रभावकारी विषय वस्तु चयन गर्नमा तथा शिक्षकलाई विद्यार्थीको भाषिक अनुभव र मौखिक अभिव्यक्ति क्षमताको स्तर पहिचान गरी स्तर सापेक्ष स्तरीय शिक्षण विधि एवम् प्रक्रिया रोजेर शिक्षण गर्न मद्दत पुग्न सक्छ । विद्यार्थीहरूको मौखिक अभिव्यक्तिमा देखापर्ने भाषिक त्रुटिहरूलाई निराकरण गरी शिक्षण कार्यकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउनमा समेत सहयोग पुग्ने हुँदा प्रस्तुत अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

मौखिक माध्यमबाट अनुभव एवम् विचारलाई प्रभावकारी रूपमा व्यक्त गर्न सक्यो भने स्रोताका लागि प्रभावपूर्ण हुन्छ । मौखिक र लिखित दुबै रूपबाट भाषिक अभिव्यक्ति दिन सकिन्छ तर लिखित अभिव्यक्तिभन्दा मौखिक अभिव्यक्तिको प्रयोग क्षेत्र व्यापक र विस्तृत छ । बोलाइको विभिन्न ढंग ढाँचा र शैली अनुसार प्रस्तुतीकरण पनि फरक हुन्छ । मौखिक अभिव्यक्तिमा कहिले, के, कोसँग, कहाँ र कस्तो तरिकाले बोल्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । त्यसैले विषयको प्रकृति एवम् परिवेश अनुसार बोलाइमा उठान र बैठानको सन्तुलन मिल्नु पर्छ ।

कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन पत्रको एक समस्याको रूपमा देखिएको छ । उक्त समस्यासँगलाई कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमता के कस्तो छ ?

## उद्देश्य

यस अध्ययनका उद्देश्य कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन गर्नु रहेको छ ।

### सीमा

अनुसन्धानमा अध्ययनको क्षेत्र परिवेश र सामग्री अत्यन्त विस्तृत र व्यापक हुन्छ । सबै कुरालाई अनुसन्धानमा समेट्न नसकिने हुनाले त्यसको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । त्यसैले यस अध्ययनलाई प्रस्तुत अध्ययन सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका विद्यालयका २०/२० जना विद्यार्थी गरी जम्मा ४० जना विद्यार्थीहरू रहेका छन् । यो अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमतासँग मात्र सम्बन्धित रहेको छ । यस अध्ययनको निष्कर्ष विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमता परीक्षणबाट प्राप्त प्राप्ताङ्कको विश्लेषणमा मात्र आधारित रहेको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## विधि

अध्ययन कार्य अनुसन्धानात्मक र प्रयोगात्मक कार्य हो । यस अध्ययन कार्यलाई उद्देश्यमुखी र मूर्त रूप दिनका लागि उपयुक्त सामग्री, स्रोत तथा विधिको निश्चित गर्नु आवश्यक हुन्छ । त्यसै क्रममा प्रस्तुत अध्ययनलाई सर्वेक्षण विधिको आधारमा सम्पन्न गरिएको छ । त्यसै क्रममा यसमा जनसङ्ख्या पहिचान र नमुना छनोट तथा तथ्य सङ्कलनका लागि सामग्री निर्माण, तथ्य सङ्कलन व्याख्या विश्लेषणका प्रक्रिया अवलम्बन गरिएको छ ।

प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको मौखिक अभिव्यक्ति क्षमताको स्तर के कस्तो छ भन्ने कुरामा केन्द्रित रहेकाले सार्वजनिक विद्यालयमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको नमुनाका रूपमा लिइएको छ । कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई लिन असम्भव हुने हुनाले सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका २ वटा विद्यालयका २०/२० जना विद्यार्थीहरू रहेका छन् ।

विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिको अध्ययन भएकाले सो परीक्षणका लागि सम्बन्धित क्षेत्रमा गएर विद्यार्थीको भाषिक क्षमता परीक्षण गरी सूची तयार पारिएको छ । सूची तयार भएपछि परीक्षणका लागि विद्यार्थीहरूलाई बोल्न दिइने विषय शीर्षकको छनोट गरी बोलाइ क्षमताको सही र दुरुस्त अभिलेख राख्न जाँचसूची फारामको निर्माण गरिएको छ ।

मौखिक अभिव्यक्ति क्षमता परीक्षणका लागि आवश्यक सामग्रीको निर्माण गरेपछि निर्धारित विद्यालयका २०/२० जना विद्यार्थीहरूलाई छनोट गरिएको विषय शीर्षकमा बोल्न लगाई जाँचसूचीमा सङ्कलन गरिएको छ । बोलेको सुनेर मात्र मौखिक अभिव्यक्ति क्षमताको परीक्षण गर्न नसकिने पक्षमा विद्यार्थीहरूको भाषिक प्रयोगलाई प्रत्यक्ष अवलोकन गरी उक्त परीक्षणीय पक्षमा विद्यार्थीहरूको क्षमताको स्तरलाई जाँचसूचीमा राखिएको छ । सबै विद्यालयका विद्यार्थीहरूको क्षमता स्तरलाई जाँचसूचीबाट तथ्यङ्क सङ्कलन गरिएको छ ।

## साहित्यको पुनरावलोकन

विगतको अनुभवले वर्तमानलाई अघि बढ्न सहयोग पुऱ्याउने र वर्तमानले भविष्यको पूर्व सङ्केत गर्ने हुनाले पूर्वकार्यको समीक्षा गर्नु आवश्यक हुन्छ । यस सन्दर्भमा कार्यका लागि पूर्वकार्यको समीक्षाले विगतमा के कस्ता अध्ययन भए र कसरी भए भन्ने कुराको जानकारी भई अगाडि बढ्न सहयोग पुग्ने हुनाले पूर्वकार्यको समीक्षा महत्त्वपूर्ण हुन्छ । मौखिक अभिव्यक्ति क्षमता सम्बन्धी पूर्व अध्ययन खास गरी

नेपाली भाषा शिक्षणका क्षेत्रमा सीमित मात्रामा भएका छन् । त्यस्ता केही अध्ययन पुस्तकाकारमा नै रहेका छन् । मौखिक अभिव्यक्ति क्षमताको सम्बन्धमा हालसम्म कमै अध्ययन भएका छन् ।

के.सी. (२०७५) द्वारा वर्ण विन्यास, वाक्य गठन र शब्द उच्चारण सम्बन्धी शोध अध्ययन गर्ने क्रममा सुर्खेत जिल्लाका कक्षा पाच उत्तीर्ण मगरभाषी विद्यार्थीहरूले नेपाली भाषामा गर्ने त्रुटिहरूको विश्लेषण नामक अध्ययन गरिएको देखिन्छ । प्रस्तुत अध्ययनले विद्यार्थीहरूको शब्दोच्चारण, वाक्य गठन र वर्ण विन्यासमा गर्ने त्रुटिहरू पत्ता लगाउने, उक्त त्रुटिहरूको तुलानात्मक अध्ययन विश्लेषण गर्ने र प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । उक्त अध्ययनको सिलसिलामा विद्यार्थीहरूलाई निर्दिष्ट शीर्षकमा बोल्न लगाई टेप रेकर्डरमा भरेर विद्यार्थीमा वाक्य गठन, शब्दोच्चारण र वर्ण विन्यासमा देखिएका त्रुटिलाई सङ्ख्यात्मक आधारमा तालिकाबद्ध गरी विश्लेषण गरिएको पाइन्छ । मौखिक क्षमता सम्बन्धी अध्ययन नै नदेखिएको ऐतिहासिक श्रृङ्खलामा बोलाइको एक पक्षको मात्रै अध्ययन हुनु पनि उल्लेखनीय कुरा हो । प्रस्तुत अध्ययनमा एउटा पक्षमा यसको प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । मौखिक अभिव्यक्ति क्षमताको भूमिका व्यापक र विस्तृत हुने भएकाले उक्त अध्ययनमा यसलाई निर्दिष्ट शीर्षकको उच्चारण क्षमताका आधारमा मात्र हेरिएको र मौखिक अभिव्यक्ति क्षमताका अन्य प्रभावकारी पक्षलाई त्यति ध्यान नदिइएको देखिन्छ ।

शर्मा र पौडेल (२०७०) को अनुसार नेपाली भाषा र साहित्य शिक्षण नामक पुस्तक उल्लेख्य छ । स्नातकोतर तहको नेपाली भाषा शिक्षणका सन्दर्भमा तयार पारिएको प्रस्तुत पुस्तक यस अध्ययनका लागि अत्यन्त उपयोगी देखिन्छ । पुस्तकमा भाषा शिक्षणको सैद्धान्तिक परिचय, दोस्रो भाषी नेपाली विद्यार्थीहरूका लागि हुनुपर्ने पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षण विधि र प्रक्रिया, मूल्याङ्कन विधि र द्विभाषिक शिक्षा प्रक्रिया र पद्धति, बोलाइ विकासका लागि अपनाउनु पर्ने भाषा शिक्षणका पद्धति र विधि, कक्षा व्यवस्थापन, शिक्षण सामग्री र यान्त्रिक विधि जस्ता पक्षको विस्तृत चर्चा गरिएको छ ।

उपयुक्त अध्ययन बाहेक अन्य केही अध्ययन पनि छिटपुट रूपमा गरिएका देखिन्छ । यस अघिका अध्ययनहरूमा कक्षा पाँच प्राथमिक तहको अन्तिम कक्षामा अध्ययनरत विद्यार्थीको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन गरिएको देखिन्छ । उक्त अध्ययनहरूमा कक्षा पाँचका विद्यार्थीहरूको बोलाइ क्षमता प्रभावकारी र उपलब्धिपूर्ण भयो भएन भन्ने सन्दर्भमा बोलाइका सकारात्मक र नकारात्मक पक्षहरूको खासै अध्ययन विश्लेषण गरिएको देखिँदैन । प्राथमिक तहमा बोलाइ सिपलाई बढी प्राथमिकता दिइएको र उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको तार्किक ढंगले मौखिक अभिव्यक्ति क्षमताको प्रभावकारिता सम्बन्धी अध्ययन नभएको हुँदा यो अध्ययन महत्त्वपूर्ण हुने ठानिएको छ ।

## व्याख्या र विश्लेषण

यस अध्ययनमा रहेको तार्किक अभिव्यक्ति सम्बन्धी मौखिक अभिव्यक्ति क्षमता अध्ययनका लागि लिइएका परीक्षणीय पक्षहरूलाई विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

**विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन**

यस खण्डमा प्रत्येक विद्यालयमा अध्ययनरत कक्षा पाँचका विद्यार्थीको मौखिक अभिव्यक्ति क्षमता सम्बन्धी अलग व्याख्या विश्लेषण गर्दै विद्यालयका विद्यार्थीहरूका बिच तुलनात्मक अध्ययन गरिएको छ ।

**उच्चारण**

उच्चारण बोलाइको एक महत्वपूर्ण पक्ष हो । स्रोता र वक्ताबिचको सुमधुर सम्बन्ध कायम गर्नका लागि मौखिक अभिव्यक्ति शुद्ध र स्पष्ट हुनु आवश्यक हुन्छ । उच्चारणमा अशुद्धि र कमजोरी भएमा अभिव्यक्तिमा अर्थको अनर्थ हुने र हास्यास्पद हुने डर हुन्छ । त्यसैले बोलाइमा शुद्धता र स्पष्टता रहेमा मात्र मौखिक अभिव्यक्ति प्रभावकारी र अर्थपूर्ण हुन्छ । उच्चारण बोलीसँग सम्बन्धित कुरा हो । मानव मुखका विभिन्न उच्चार्य अङ्गका माध्यमले ध्वन्यात्मक रूपमा प्रकट हुने बोलीका उच्चार्य ध्वनि भाषैपिच्छे फरक हुन्छ ।

तालिका १

*उच्चारण क्षमताको परिणाम*

| स्तर | अत्युतम | उतम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २ | २ | ४ | १ | १ | १० |
| प्रतिशत | २० | २० | ४० | १० | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिकाको आधारमा उच्चारण क्षमताको स्तरलाई हेर्दा अत्युत्तम स्तरमा २ जना अर्थात् २० प्रतिशत, उत्तम स्तरमा २ जना अर्थात् २० प्रतिशत, मध्यम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत, निम्न स्तरमा १ जना अर्थात् १० प्रतिशत र निम्नतम स्तरमा १ जना अर्थात् १० प्रतिशत रहेका छन् । उच्चारण क्षमताको परिणामलाई हेर्दा मध्यम स्तरको उच्चारणमा बढी विद्यार्थीहरू देखिन्छ । १० जना विद्यार्थीहरूमा २ जना अत्युत्तम स्तरको उच्चारण गर्न सक्ने देखिन्छ । निम्न र निम्नतम स्तरमा १/१ जना देखिनुले परिणाम नकारात्मक देखिँदैन । समग्रमा हेर्दा उच्चारण क्षमता अत्युत्तम र उत्तम तथा निम्न र निम्नतम स्तरभन्दा बढी, मध्यम स्तरको देखिएकाले परिणाम सन्तोषजनक मान्न सकिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**प्रस्तुति उठान**

मौखिक माध्यमबाट अनुभव एवम् विचारलाई प्रभावकारी रूपमा व्यक्त गर्न सक्यो भने स्रोताका लागि प्रभावपूर्ण हुन्छ । मौखिक र लिखित दुबै रूपबाट भाषिक अभिव्यक्ति दिन सकिन्छ तर लिखित अभिव्यक्तिभन्दा मौखिक अभिव्यक्तिको प्रयोग क्षेत्र व्यापक र विस्तृत छ । बोलाइको विभिन्न ढंग ढाँचा र शैली अनुसार प्रस्तुतीकरण पनि फरक हुन्छ । मौखिक अभिव्यक्तिमा कहिले, के, कोसँग, कहाँ र कस्तो तरिकाले बोल्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसैले विषयको प्रकृति एवम् परिवेश अनुसार बोलाइमा उठान र बैठानको सन्तुलन मिल्नु पर्छ । कुनै विषय, योजना विचारलाई स्पष्ट रूपमा अरू सामु राख्ने कार्यलाई बुझाउँछ । प्रस्तुतिको मुख्य उद्देश्य भनेको स्रोतालाई जानकारी दिनु, मनाउन प्रयास गर्नु कुनै कार्यमा संलग्न गराउनु हो ।

तालिका २

*प्रस्तुति उठान क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | १ | ४ | ३ | २ | - | १० |
| प्रतिशत | १० | ४० | ३० | २० | - | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिका अनुसार विषयको प्रकृति र प्रसङ्ग अनुरूप बोलाइको शैली र ढङ्ग ढाँचालाई आत्मसात् गरी अभिव्यक्त गर्ने क्षमताको स्तर विद्यार्थीहरूमा राम्रो देखिन्छ । १० जना विद्यार्थीमध्ये अत्युत्तम स्तरमा १ जना अर्थात् १० प्रतिशत, उत्तम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत, मध्यम स्तरमा ३ जना अर्थात् ३० प्रतिशत, निम्न स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा विद्यार्थी सङ्ख्या देखिँदैन । यस विद्यालयका विद्यार्थीहरूको प्रस्तुति उठान क्षमता राम्रो देखिन्छ ।

**प्रस्तुति बैठान**

प्रस्तुति बैठान भन्नाले प्रस्तुति दिने क्रममा अन्त्यतिर प्रयोग गरिने निष्कर्षात्मक भाग लाई जनाइन्छ । यो भागमा प्रस्तुत गरिएको विषयलाई संक्षेपमा समेट्ने, मुख्य बुँदाहरूलाई दोहोऱ्याउने, स्रोताहरूलाई धन्यवाद दिने र कहिलेकाहीँ कार्यका लागि आह्वान पनि गरिन्छ ।

तालिका ३

*प्रस्तुति बैठान क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २ | २ | ३ | १ | २ | १० |
| प्रतिशत | २० | २० | ३० | १० | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिकाअनुसार विद्यार्थीहरूको प्रस्तुति बैठान क्षमता मध्यम स्तरको देखिन्छ । उपर्युक्त अनुसार अत्युत्तम स्तरमा २ जना अर्थात् २० प्रतिशत, उत्तम स्तरमा २ जना अर्थात् २० प्रतिशत, मध्यम स्तरमा ३ जना अर्थात् ३० प्रतिशत, निम्न स्तरमा १ जना अर्थात् १० प्रतिशत र निम्नतम स्तरमा २ जना अर्थात् २० प्रतिशत परिणाम देखिनुले प्रस्तुति बैठान क्षमता समग्रमा मध्यम स्तरको देखिन्छ ।

**शब्द छनोट र प्रयोग**

मौखिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । मौखिक अभिव्यक्तिलाई सरल, सहज र प्रभावकारी बनाउन शब्द र शब्द प्रयोगको महत्व उच्च रहेको हुन्छ । भाषाका माध्यमबाट नै अभिव्यक्तिको श्रृङ्खला जोडिने भएकाले शिष्ट, विशिष्ट र स्तरीय शब्दहरूको सान्दर्भिक प्रयोगले नै बोलाइको प्रभावकारिता झल्किन्छ । अशुद्ध, अस्पष्ट, मातृभाषा र स्थानीय भाषिक भेदबाट प्रभावित शब्दहरू बोलाइमा हुनुहुँदैन । मौखिक अभिव्यक्तिमा वक्ताले आफ्ना विचार र भावना प्रस्तुत गर्दा स्रोताको प्रकृति र स्तरलाई ध्यान दिएर प्रसङ्ग एवम् परिवेश अनुसार उपयुक्त भाषिक प्रयोग गर्न सक्नु पर्छ । बोलाइमा वक्ताले भावना र विचारलाई विशिष्ट बनाउन एउटै शब्दमा बढीभन्दा बढी विकल्पहरूको छनोट गरी सन्दर्भ अनुसार प्रयोग गर्न सकेमा बोलाइ विशिष्ट र प्रभावकारी हुन्छ । लेखन बोल्ने क्रममा उपयुक्त, सान्दर्भिक र प्रभावकारी शब्दहरूलाई छान्ने र त्यसलाई उचित तरिकाले प्रयोग गर्ने प्रक्रिया हो । यो कुनै पनि प्रस्तुति, लेख, कविता, भाषण, संवादलाई प्रभावशाली बनाउन अत्यन्त आवश्यक पक्ष हो ।

तालिका ४

*शब्द छनोट र प्रयोग क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | १ | २ | ६ | १ | १० |
| प्रतिशत | - | १० | २० | ६० | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

माथिको तालिकामा देखिए अनुसार विद्यार्थीहरूको उपयुक्त शब्द छनोट र प्रयोग क्षमताको स्तर निम्न देखिन्छ । उक्त अनुसार अत्युतम स्तरमा विद्यार्थी सङ्ख्या नदेखिनु र उत्तम स्तरमा पनि १ जना अर्थात् १० प्रतिशत, मध्यम स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा १ जना अर्थात् १० प्रतिशत तथा निम्न स्तरमा सबैभन्दा बढी ६ जना अर्थात् ६० प्रतिशत विद्यार्थी सङ्ख्या देखिनुले निम्न स्तरको क्षमताको पुष्टि हुन्छ ।

**वाक्य गठन**

विचारको अभिव्यक्ति वाक्यबाट हुने भएकाले वैचारिक एकाइका रूपमा अभिव्यक्त वाक्य प्रसङ्ग, विषय, प्रयोजन, परिवेश र स्रोता अनुरूप हुनुपर्छ । लामा वाक्य संयोजन तथा सर्वनामको पटक पटक प्रयोग गर्दा अभिव्यक्ति प्रभावकारी नहुने हुन्छ । बोल्दा अभिव्यक्तिको प्रसङ्गलाई बिचमा छाडेर अर्कै वाक्य संरचनाको सुरुवात गर्नु नेपालीका दृष्टिले अशुद्ध, अशिष्ट र अप्रभावकारी हुन्छ । विचार, भावना सन्देशलाई स्पष्ट र सही तरिकाले शब्दको मिलनबाट व्यक्त गर्ने प्रक्रिया हो । नेपाली भाषामा वाक्य गठन गर्दा व्याकरण, शब्दको क्रम, काल र प्रसंग अनुसारका नियमहरू पालन गर्नु आवश्यक हुन्छ ।

तालिका ५

*वाक्य गठन क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | २ | ५ | २ | १ | १० |
| प्रतिशत | - | २० | ५० | २० | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिका अनुसार वाक्य गठन क्षमतालाई हेर्दा अत्युत्तम स्तरमा विद्यार्थी सङ्ख्या देखिदैन । उत्तम स्तरमा २ जना अर्थात् २० प्रतिशत, मध्यम स्तरमा ५ जना अर्थात् ५० प्रतिशत, निम्न स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा १ जना अर्थात् १० प्रतिशत विद्यार्थी देखिन्छ । यस परिणामले वाक्य गठन क्षमता मध्यम स्तरको देखिन्छ ।

**आवाजको सन्तुलन**

मौखिक अभिव्यक्तिमा बोलाइको तरिकामा विभिन्न परिवेश र प्रसङ्ग अनुरूप आरोह र अवरोहको तालमेल हुनुपर्छ । बोलीलाई प्रभावकारी र अर्थयुक्त बनाउन प्रसङ्ग अनुसार मायालु, दयालु तथा अभिनयात्मक रूपमा प्रकट गर्न सक्नु पर्छ । त्यसैले आवाजमा उपयुक्त आरोह अवरोहको सन्तुलन मिल्नु पर्छ । आवाजको विभिन्न पक्षहरू बीचको सन्तुलित अवस्था बुझिन्छ ।

तालिका ६

*आवाजको सन्तुलन क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | ३ | ४ | २ | १ | १० |
| प्रतिशत | - | ३० | ४० | २० | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिका अनुसार विद्यार्थीको मौखिक अभिव्यक्तिमा आवाजको सन्तुलनलाई हेर्दा अत्युत्तम स्तरमा विद्यार्थी सङ्ख्या देखिएन । उत्तम स्तरमा ३ जना अर्थात् ३० प्रतिशत, मध्यम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत, निम्न स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा १ जना अर्थात् १० प्रतिशत सङ्ख्या देखिन्छ । मध्यम स्तरको विद्यार्थी सङ्ख्या बढी भएकाले आवाजको सन्तुलन क्षमताको स्तर पनि मध्यम नै देखिन्छ ।

**भाषेतर हाउभाउ र मुखमुद्रा**

बोलाइमा भाषेतर हाउभाउ र मुखमुद्राको ठुलो भूमिका रहन्छ । बोलाइमा हाउभाउ र मुखमुद्राको आवश्यक सन्तुलन मिल्नाले बोली सहज, स्वाभाविक र जीवन्त बन्छ । वक्ताले आफ्ना विचार र भावना स्रोता समक्ष राख्दा आवश्यक मात्रामा हाउभाउ र मुखमुद्राको प्रयोग गर्नु पर्छ । भावलाई प्रस्ट पार्न र स्रोतालाई बुझाउन भाव अनुरूप हाउभाउ र मुखमुद्राको सन्तुलन मिलाउन सक्नु पर्छ । हाउभाउ र मुखमुद्राको तालमेल नमिलेमा वक्ता र स्रोता बिचमा सुमधुर सम्बन्ध स्थापित हुन सक्तैन । यसका साथै स्रोताले वक्ताको अभिप्रायलाई बुझ्न सक्तैन र उसले अर्थको अनर्थ लगाउन सक्छ जसले गर्दा मौखिक अभिव्यक्ति अप्रभावकारी हुन सक्छ ।

तालिका ७

*भाषेतर हाउभाउ र मुखमुद्रा सम्बन्धी क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | - | ४ | २ | ४ | १० |
| प्रतिशत | - | - | ४० | २० | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिका अनुसार विषयवस्तु प्रस्तुतिमा भाषेतर हाउभाउ सहित अभिव्यक्ति गर्ने क्षमता हेर्दा अत्युत्तम र उत्तम स्तरमा कुनै विद्यार्थी सङ्ख्या देखिएन । मध्यम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत, निम्न स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । वस्तुतः मध्यम र निम्नतम स्तरमा विद्यार्थी सङ्ख्या बढी देखिएकाले समग्र विद्यार्थी क्षमता निम्न स्तरीय देखिन्छ ।

**भावानुसारिता**

भाव अभिव्यक्ति प्रणालीको सही अङ्कन मौखिक अभिव्यक्तिमा हुनुपर्छ । भावलाई प्रसङ्गपूर्ण बनाएर बोल्न सक्षम भए मात्र बोलाइमा सफलता प्राप्त गर्न सकिन्छ । भाव अनुरूप मौखिक अभिव्यक्ति नभएमा बोलाइ अप्रभावकारी र असान्दर्भिक हुन जान्छ । खास प्रसङ्गमा बोली उपयोगी हुनुपर्छ । दुखै दुःखले वा पिडैपीडाले छटपटाएको मान्छेको कथा हाँसीहाँसी भनेमा अस्वाभाविक र असान्दर्भिक हुन्छ । त्यस्तै शोकमा परेका व्यक्तिसँग कुरा गर्दा वा उसप्रति सहानुभूति व्यक्त गर्दा, आफू खुसी भएको वेला बोल्दा, रमाइ रहेको मान्छेसँग कुरा गर्दा बोलाइको तरिका एउटै हुँदैन । विभिन्न परिवेश र खास खास प्रसङ्गमा उपयुक्त मात्रामा बोलाइको तरिका फरक हुनु आवश्यक छ ।

तालिका ८

*भावानुसारिता सम्बन्धी क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | - | ३ | ५ | २ | १० |
| प्रतिशत | - | - | ३० | ५० | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिकामा प्रस्तुत विषय वस्तुलाई भाव अनुसार अभिव्यक्त गर्ने क्षमता स्तर हेर्दा अत्युत्तम र उत्तम स्तरमा विद्यार्थी सङ्ख्या देखिएन । मध्यम स्तरमा ३ जना अर्थात् ३० प्रतिशत, निम्न स्तरमा ५ जना अर्थात् ५० प्रतिशत र निम्नतम स्तरमा २ जना अर्थात् २० प्रतिशत विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । यस अनुसार क्षमता स्तर निम्न देखिन्छ ।

**मिठास र शुद्धता**

मिठास र शुद्धता मौखिक अभिव्यक्तिका महत्वपूर्ण गुण हुन् । बोलाइमा शुद्धता छ तर मिठास छैन भने वक्ताले स्रोतालाई आकर्षित र प्रभावित पार्न सक्तैन । व्याकरणात्मक र शब्द प्रयोग ठिक छ तर वैचारिक शुद्धता र स्पष्टता छैन भने मौखिक अभिव्यक्ति राम्रो हुँदैन । विचार शुद्ध र स्पष्ट छ तर व्याकरणात्मक दृष्टिले भाषा उपयुक्त छैन भने पनि बोलाइ राम्रो हुँदैन । विचारको शुद्धता र भाषाको शुद्धतामा सन्तुलन मिल्नुपर्छ । व्याकरणात्मक दृष्टि र विचारका दृष्टिले बोलाइ राम्रो भए पनि प्रसङ्ग अनुसार बोलाइको प्रस्तुतीकरणको शैली मिलेको छैन भने बोलाइ राम्रो हुँदैन । त्यस कारण बोलाइमा उक्त सबै पक्षको तालमेल हुनुपर्छ ।

तलिका ९

*मिठास र शुद्धता सम्बन्धी क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | २ | ४ | २ | २ | १० |
| प्रतिशत | - | २० | ४० | २० | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिका अनुसार मिठास र शुद्धतापूर्वक अभिव्यक्त गर्ने क्षमता हेर्दा अत्युत्तम स्तरमा कुनै विद्यार्थी सङ्ख्या देखिएन । उत्तम स्तरमा २ जना अर्थात् २० प्रतिशत, मध्यम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत, निम्न स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा २ जना अर्थात् २० प्रतिशत विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । अत्युत्तम स्तरमा विद्यार्थी सङ्ख्या नदेखिए तापनि क्षमता स्तर सन्तोषजनक नै मान्न सकिन्छ ।

**श्रोताप्रतिको प्रभाव**

स्रोता विनाको बोलाइ निरर्थक हुने भएकाले बोलाइमा वक्ताले आफ्नो भाषाको प्रयोग स्रोताको प्रकृति र स्तर अनुसार सम्प्रेष्य हुने अभिप्रायले गर्नु पर्छ । वैचारिक शुद्धता र स्पष्टता छैन भने स्रोताको ध्यान आर्कषण गर्न सकिँदैन । भाषा अशुद्ध र अस्पष्ट भएमा पनि स्रोताको ध्यान आर्कषण गर्न गाऱ्हो पर्छ । तसर्थ वक्ताले आफ्ना विचार, धारणा र भावाना अभिव्यक्त गर्दा खास प्रसङ्ग वा अवसरलाई ध्यान दिएर बोलाइलाई सहज र स्वाभाविक बनाउनु पर्छ । आफ्ना भावना र विचारबाट सबैको ध्यान आकर्षण गर्न सक्षम हुनु पर्छ । भाव र विचारलाई अरूले कदर र सम्मान गर्न सक्ने बोलाइ हुनुपर्छ । अगाडि वक्ता बोलेको छ पछाडि स्रोता ध्यान दिएर सुन्दैनन्, एक आपसमा गफ गरि राखेका छन् भने त्यस अवस्थामा वक्ताको बोली नै प्रभावकारी छैन भन्ने बुझिन्छ । आफ्नो भावना र विचारले कसैको मन मस्तिष्क छुन सकेन भने मौखिक अभिव्यक्ति दुर्बल हुन्छ । बोलीलाई सबैले ध्यान दिएर सुनुन् र वक्ता अरू बोलोस् भन्ने स्रोतालाई होओस् अनि मात्र बोलाइको प्रभावकारिता हुन्छ ।

तालिका १०

*श्रोताप्रतिको प्रभाव सम्बन्धी क्षमताको परिणाम*

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | निम्नतम | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | - | ४ | २ | २ | २ | १० |
| प्रतिशत | - | ४० | २० | २० | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८२

माथिको तालिका अनुसार श्रोताप्रतिको प्रभाव क्षमता स्तर हेर्दा अत्युत्तम स्तरमा विद्यार्थी सङ्ख्या देखिएन । उत्तम स्तरमा ४ जना अर्थात् ४० प्रतिशत, मध्यम स्तरमा २ जना अर्थात् २० प्रतिशत, निम्न स्तरमा २ जना अर्थात् २० प्रतिशत र निम्नतम स्तरमा पनि २ जना अर्थात् २० प्रतिशत विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । उत्तम स्तरमा बढी विद्यार्थी सङ्ख्या देखिए पनि मध्यम, निम्न र निम्नतम स्तरमा २०/२० प्रतिशत विद्यार्थी सङ्ख्या रहेकाले समग्र क्षमता मध्यम स्तरीय देखिन्छ ।

**निष्कर्ष**

अध्ययनबाट प्राप्त नतिजाका आधारमा कक्षा पाचमा अध्ययनरत विद्यार्थी बोलाइमा कमजोर देखिए । बोलाइ सिपका लागि छनोट गरिएका प्रत्येक परीक्षणीय पक्षहरूमा मध्यम र निम्न स्तरमा नै बढी सङ्ख्या देखिएको छ । बोलाइ सिप विकासमा प्रभाव पार्ने विभिन्न कारक तत्त्व रहेका छन् । तिनै कारक तत्त्वका कारण विद्यार्थीहरू बोलाइ सिपमा कमजोर देखिएका छन् । यस अध्ययनमा उच्चारण पक्षमा विद्यार्थीहरूले सन्तोषजनक नतिजा देखाउन सफल भएका छन् । विभिन्न अतिरिक्त कार्यकलापमा जति सहभागी गराएर अभ्यस्त बनाउन सक्यो उति बोलाइ सिपको विकास हुन्छ । त्यसैले अतिरिक्त कार्यकलापको कमीले बोलाइ प्रभावित भएको देखिन्छ । यसका साथै विद्यालयको शैक्षिक वातावरण पनि यसको कारक तत्त्व रहेको देखिन्छ । अभिव्यक्तिमा उपयुक्त र प्रासङ्गिक शब्द छनोट र त्यसको उचित ठाउँमा प्रयोग गर्ने क्षमतालाई हेर्दा निम्न स्तरमा बढी विद्यार्थी सङ्ख्या देखिए । यसो हुनुमा विद्यार्थीको क्षमता स्तर, पाठ्य सामग्रीको कमी, विद्यार्थीमा अभ्यासको कमीका साथै विद्यार्थीको भाषिक वातावरण कारक तत्त्व रहेको छ । यस अध्ययनका क्रममा वाक्य गठन क्षमता स्तरलाई हेर्दा मध्य स्तरको देखिन्छ । उत्तम स्तरमा भन्दा निम्न स्तरमा बढी विद्यार्थी देखिएका छन् । शुद्ध स्तरीय र प्रभावपूर्ण वाक्य निर्माणमा विद्यार्थीहरू कमजोर देखिन्छ । यसमा पनि अभ्यासको कमी, भाषिक विविधता, शैक्षिक वातावरण, स्रोत र साधनको कमीले गर्दा बोलाइ सिप प्रभावित भएको देखिन्छ ।

प्रस्तुत अध्ययन एउटा सानो क्षेत्रको निश्चित जनसङ्ख्याको नमुना परीक्षण हो । यो अध्ययन सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका विद्यालयमा परीक्षण पश्चात् तथ्याङ्क सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । कुनै पनि कार्य आफैमा पूर्ण हुँदैन । त्यसमा पनि कति गल्ती कमजोरीहरू देखिन सक्छ । अझै बोलाइ सिपसँग सम्बन्धित अध्ययन एकै चोटि निश्चित समयमा परीक्षण गर्नु निकै कठिन कार्य हो । प्रस्तुत अध्ययनको भाषिक सिप विकासमा मौखिक अभिव्यक्ति क्षमताको निकट सम्बन्ध रहेको छ । मौखिक अभिव्यक्ति विकासका लागि विभिन्न कार्यकलापहरू गर्न सहयोग गर्ने छ । यस अध्ययनले सम्बन्धित विषय क्षेत्रमा रहेर अनुसन्धान गर्नेलाई अध्ययनको विषय वस्तु छनोट गर्न र पूर्वकार्यको समीक्षा गर्न मार्ग निर्देशनको भूमिका खेल्ने छ । छात्रछात्रा बिचको असमानतालाई कम गरी समान

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

सहभागितामा सफल र प्रभावकारी शिक्षण कार्यकलाप गर्न सजिलो हुने छ। इतर नेपाली भाषी र नेपाली मातृभाषी विद्यार्थी बिचको अन्तर निर्क्योल गरी कम गर्दै लैजान र सहज तरिकाले सफल शिक्षण गर्न आवश्यक पर्ने पाठ्यक्रम निर्माणमा शिक्षक अभिभावक, पाठ्यक्रम विद् तथा विषय विशेषज्ञहरूलाई विद्यार्थीको क्षमता र स्तरको ख्याल राखेर पाठ्यवस्तुको छनोट र स्तरण गर्नमा समेत सहयोग मिल्ने छ।

बोलाइ सिपमा प्रभाव पार्ने तत्त्वहरू निर्क्योल गरी निराकरण गर्न र सफल शिक्षण कार्यकलाप गर्न सघाउ पुऱ्याउने छ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : कुञ्जल प्रकाशन।

के.सी., हिरा (२०७५), *सुर्खेत जिल्लाका कक्षा पाचमा अध्ययनरत मगर भाषीहरूले गर्ने त्रुटिहरूको विश्लेषण,* त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोतर शोधपत्र।

चन्द, लोकेन्द्र बहादुर (२०७५), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत स्नातकोतर शोधपत्र।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दाहाल (२०७०), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स।

पौड्याल, विन्दु (२०७८), *कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूमा पाइने त्रुटिको अध्ययन,* त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोतर शोधपत्र।

रावल, राजु बहादुर (२०७४), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन,* त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोतर शोधपत्र।

रिमाल, डिल्लीराम (२०७७), *नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

लामिछाने, यादव प्रकाश (२०७२) *सामान्य र प्रायोगिक भाषा विज्ञान तथा नेपाली भाषा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : न्यु हिरा बुक्स।